## पाठ - 1

## इस्लाम नै किन ?

## الدرس الأول - نيبالي

### ما هو الإسلام ؟

**भूमिका** यदी मनुष्यले यस संसारमा हेर विचार गर्छ जसमा त्यो बसोबास गरिरहेको छ र यस सुन्दर र विशाल ब्रम्हाण्ड तिर हेर्छ, आकाश, र त्यसमा रहेका थुप्रै ताराहरु जो की एउटा महान व्यवस्थाको कारण चली रहेका छन, पृथ्वी र त्यसमा रहेका सबै पहाड खोला नाला रुख खेतीबारी हावा पानी समुन्द्र त्यसै गरी दिन र रात्री यदि यि सबै माथी मान्छेले सोच विचार गर्दछ भने आफुसंग यो प्रश्न गर्छ कि यि सबै वस्तुहरुलाई कसले सृष्टि गर्नु भएको छ ।

आकाशबाट वर्षा कसले गर्दछन जसको बिना मानव जिवन अस्थ व्यवस्थ भईहाल्छ, र त्यस बाट अन्न, रुख, र फलफूलको उत्पादन कसले गर्छन जसबाट मनुष्य र जनावरहरुको आवश्यक्ता पुरा हुन्छ, र धर्तीलाई यि सबै सामाग्रीहरुको सुरक्षाको लागी तयार गर्नु भएको छ । त्यो को हुन जसले धर्तीलाई त्यसमा भएको वस्तुहरुको आवश्यक्ता अनुसार आकर्षण बनाउनु भएको छ, र आफु तर्फ खिच्ने शक्ती प्रदान गर्नु भएको छ, त्यसमा वृद्धि हुदैन जसकारण पृथ्वी माथी हिडन गाह्रो भइहालोस, र त्यसमा कमी पनि हुदैन जसकारण वस्तुहरु उडी हालोस् ।

त्यो को हुन जसले मानिसहरुलाई नयाँ ढगं ले सृष्टि गनु भएको छ अनी तिनीहरुलाई सर्वोत्तम आकारमा बनाउनु भएको छ। जब मानछेले स्वयं आफु माथी चिन्तन गर्दछ भने त्यो आफ्नो सृष्टिकर्ताको सृष्टिमा र उहाँको महान सृजनामा धेरै आश्चर्यजनक कुराहरु पाउँछ

तपाई आफ्नो शरीरको सृजनामा केही सोचविचार गर्नु जोकी एउटा महान कौशल र बुद्धिले बनाइएको छ त्यसमा रहेका हरेक पार्टपुर्जा राम्रो शैलीबाट आफ्नो कार्य गर्दैछन, त्यस मध्ये थोरै कार्य तपाईलाई थाहा हुन्छ र थुप्रै पार्टहरुको कार्यको बारेमा तपाईलाई थाहा हुदैन् र त्यसलाई नियन्त्रणमा राख्ने क्षमताको त कुरै छाड़ीदिनुस् ।

त्यसै गरी जुन हावामा तपाई स्वास फेर्नु हुन्छ त्यसलाई हेर्नु यदी त्यो हावा एक क्षणको लागी बन्द भयो भने जिवन समाप्त भई हाल्छ त्यसलाई कसले बनाउनु भएको छ ?

त्यसै गरी जुन खाना र पानी तपाईले खानु हुन्छ त्यसलाई हेर्नु त्यसै गरी पृथ्वी जसमाथी तपाई हिड्दैहुनुहुन्छ र आकाश र त्यसमा रहेका सबै वस्तुहरु र सूर्य जसले तपाईलाई प्रकाश दिइरहेकोछ, चन्द्रमा, ताराहरु र त्यो सबै वस्तु जसलाई तपाईले आफ्नो आँखा बाट हेर्दै हुनुहुन्छ यि सबैलाई कसले सृजना गर्नु भएको छ ?

यि सबै वस्तुहरुको सृष्टिकर्ता र विधाता एउटै अल्लाह नै हुन् उहाँले सबै ब्रम्हाण्डको सृष्टि गर्नु भएको छ,तिनी एउटै नै छन, र सबै संसार एकलै चलाई रहेकाछन र सबै वस्तुहरु उहाँकै आज्ञाको अधीन छन । यि सबै सत्य प्रमाणहरु हेरेर के एउटा बुद्धिमान मान्छेले यो भन्छ कि यस ब्रम्हाण्डको सृष्टीकर्ता कोही पनि छैन ? र यस संसारको सृष्टि व्यर्थ र बेकारमा भएको छ ? के मानिसहरु आफै जन्म लिन्छन् र लामो समयसम्म यस पृथ्वीमा बस्दछन् फेरि आफै तिनीहरुको मृत्यु भईहाल्छ ? अनि यस्तै सबै वस्तुहरु समाप्त भई हाल्छन ? यदि यो सत्य होइन भने हामी सबै मनुष्यहरुको सृष्टि किन भएको छ ?

**हाम्रो जन्मको उद्देश्य** अल्लाह तआलाले हामीहरुलाई मात्र आफ्नो उपासनाको लागी सृष्टिगर्नु भएको छ, र हाम्रो मार्गदर्शन र अफ्नो उपासनाको विधी र शैलीहरु बताउनको लागी संदेष्टाहरुलाई पठाउनु भएको छ र ग्रन्थहरु अवतरित गर्नु भएको छ, जुन मानिसहरु अल्लाहको पुजा र उपासना गरेर उहाँको आज्ञापालन गरे र उहाँले रोकेको कुराहरु बाट टाढाँ बसे तिनीहरु मार्गदर्शित र सफल भइहाले,

र जसले अल्लाहको उपासना गरेन र उहाँको आज्ञाको उल्लँघन गर्यो त्यो अल्लाहको क्रोध र ठूलो सजायको भागीदार भइहाल्यो, अल्लाह तआलाले यस संसारिक जीवनलाई कर्म र परीक्षाको जीवन बनाउनु भएको छ ।

यस पछि अल्लाह तआलाले सबै मनुष्यहरुलाई प्रतीफलको दिनमा हिसाब किताब र कर्महरुको बदला दिनको लागी जम्मा गर्ने छन र त्यहाँ स्वर्ग बनाउनु भएको छ जसमा अनेकौ प्रकारका उपहार र थुप्रै अनुकम्पाहरु छन् जसलाई कुनै आखाँले हेरेको छैन र कुनै कानले पनि सुनेको छैन र कुनै मान्छेको हृदयमा त्यसको कल्पना पनि अएको छैन, त्यसलाई अल्लाह तआलाले मुस्लिम र सदाचारीहरुको लागी तयार पार्नु भएको छ, जुन मान्छेहरुले उहाँ माथी विशवास गरेर उहाँको आज्ञा पालन गरे ।

र त्यसतै अल्लाह तआलाले नरक लाई पनि बनाउनु भएको छ जसमा धेरै प्रकारका सजाय, यातना र पीडाहरु छन जसलाई कुनै मान्छेले सोच्न पनि सक्दैन अल्लाह तआलाले त्यसलाई नास्तिक र काफिरहरुको लागी तयार पार्नु भएको छ जुन मान्छेहरुले अल्लाहको उपासना गरेनन् र इस्लाम बाहेक अन्य धर्म को अनुशरण गरे ।

**इस्लाम भनेको के हो ?** इस्लाम त्यो सत्य धर्म हो जसलाई सबै संसारको सृष्टिकर्ता अल्लाहले रोज्नु भएको छ र त्यसको नामाकरण सवयं गर्नु भएको छ, यसले एउटै अल्लाहको उपासना र अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको आज्ञापालनको आदेश दिन्छ, अल्लाह तआलाले इस्लाम बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्दैनन् र इस्लाम कुनै खास व्यक्ति र कुनै खास कुल वशंको धर्म होइन् यो सबै मनुष्य जातीको लागी अनिवार्य गरिएको छ ।

अल्लाह तआलाले मान्छेहरु माथी केही कुराहरु अनिवार्य गर्नु भएको छ र केही कुराहरु वर्जित र निषेध गर्नु भएको छ जुन मान्छेले त्यसको आज्ञापालन गर्छ त्यो मार्गदर्शित र सफल भइहाल्छ, र जुन मान्छेले त्यसको अवज्ञा गर्छ त्यसको आदेशको उल्लघंन गर्छ त्यो पथभ्रष्ट र क्षतिग्रात भइहाल्छ। इस्लाम कुनै नयाँ धर्म होइन बरु यसलाई अल्लाह तआलाले यस ब्रम्हाण्डको सृष्टि गर्ने बित्तिकै रोज्नु भएको थियो अथवा मानवजातिको शुरुआत देखी नै यस धर्मको शुरुआत भएको हो र इस्लाम नै त्यो सत्य धर्म हो जसको प्रचार प्रसार अल्लाहका सबै संदेष्टाहरुले गरे ।